प्लान नेपालको सहयोगमा सिविन–नेपालद्वारा प्रकाशित



# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई-पत्रिका

वर्ष १, अंक ५, फागुन २०६३, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. महिनाको मूल बिषय

३. समाचारमा बालबालिका

४. सन्दर्भ

५. प्रश्नोत्तर

६. सफलताको कथा

७. सिविन गतिविधिहरू

८. बालबालिका सम्बन्धी तथ्य......

९ . पुस्तक चर्चा

✍ सम्पादकीय :

# तराईको आन्दोलन र बालबालिका

विगत केही समयदेखि मधेशमा चलिरहेको आन्दोलका क्रममा बालबालिकाको मृत्यु भएको, घाइते भएको, विद्यालय बन्द भएको, परीक्षा सञ्चालन हुन नसकेको साथै कतिपय विद्यालयहरुमा समेत तोडफोड र आगजनी भएको समाचार प्रकाशमा आएको छ । त्यसको साथै साही आन्दोलनमा बालबालिकाको समेत प्रत्यक्ष रुपमा प्रयोग भइरहेको खबर आएको छ । यो अत्यन्त दु:खलाग्दो पक्ष हो ।

त्यसो त हालसम्म उक्त आन्दोलनमा परी १८ वर्षभन्दा मुनिका ४ जना बालकले ज्यान गुमाइसकेका छन् भने कयौं घाइते समेत भएका छन् । आन्दोलनकै कारण बन्द अवस्थामा रहेका विद्यालयमा पूर्व निर्धारित प्रवेशिका सेन्टअप परीक्षामा समेत स्थगित हुन पुगेको छ । त्यसको साथै आन्दोलनकै कारण त्यस स्थानहरुमा पर्याप्त खाद्यन्नको समेत अभाव देखिँदा भोकमरीको समस्या समेत आउन सक्ने संकेत देखिएको छ । यसबाट बालबालिका शारीरिक तथा मानसिक रुपमा समेत प्रभावित बनिरहेका छन् । बालबालिकाले बाँच्न पाउने, संरक्षण पाउने, विकास गर्न पाउने आधारभूत अधिकारबाट समेत अहिले वञ्चित भएका छन् । यो पक्ष कुनै पनि हालतमा मान्य हुनै सक्दैन । अझ बालबालिकाको आधारभूत संरक्षणको सवालमा त यसलाई कदपि स्वीकार्न सकिँदैन । चाहे त्यो युद्धकै अवस्था किन नहोस् ।

कुनै पनि आन्दोलन वा हिंसा हुँदा त्यसको प्रत्यक्ष प्रभाव भनेको बालबालिकालाई पर्ने गर्दछ । मधेशमा भइरहेको पछिल्लो आन्दोलनका क्रममा पनि हजारौं बालबालिका प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित भइरहेका छन् । यस अवस्थामा उक्त क्षेत्रमा आन्दोलनरत मधेशी जनाधिकार फोरम लगायतका अन्य आन्दोलनरत पक्षहरु तथा सरकार स्वयं पनि उत्तिकै जिम्मेवार रहेका छन् । खासगरी आन्दोलनमा बालबालिकाको प्रयोग गर्न तत्काल बन्द गरिनुपर्दछ भने यदि बालबालिकाको प्रयोग भएको छ भने पनि सुरक्षाकर्मीले पनि बालबालिकाको सुरक्षालाई उच्चतम प्राथमिकता दिनुपर्दछ ।

आन्दोलनको अवधि जति लम्बिदै जान्छ, त्यसको प्रभाव र क्षति अझ बढ्दै जाने भएकाले यसमा सरकार तथा आन्दोलनरत पक्ष दुवैले गम्भीरताका साथ तत्काल वार्ताद्वारा समस्या समाधान गर्नुपर्दछ । ❒


आपतकालिन अवस्थामा परेका बालबालिकाका लागि
तत्काल राहत तथा परामर्श सेवाका लागि

**सिविन हेल्पलाइन**

| काठमाण्डौ | हेटौंडा | विराटनगर | पोखरा | नेपालगञ्ज |
|---|---|---|---|---|
| (०१)४२७१००० | (०५७)५२४५०० | (०२१)५३५७०० | (०६१)५३११५७ | (०८१)५२७१०० |

# जाडोको मौसम र सडक बालबालिका

अहिले जाडोको मौसम, हामी सबैले महसुस गरिरहेका छौ । काठमाण्डौमा दिनहुँ बढिरहेको यो चिसोबाट सडकमा भौतारिने सडक बालबालिका पनि प्रभावित भइरहेका छन् । सामन्यत बालबालिकाको लागि सडक भनेको अत्यन्त जोखिमपूर्ण क्षेत्र मानिन्छ । यस अवस्थामा सडकमा रहने बालबालिका कुनै पनि दुर्घटनामा पर्न सक्दछन् भने विभिन्न खालका दुर्व्यवहारबाट समेत पीडित हुन सक्दछन् । त्यसमाथि पनि बढ्दै गएको चिसोले त झन् उनीहरुलाई प्रत्यक्षतः प्रभावित बनाइरहेको छ । सडकमा रहेका बालबालिकाहरुलाई दुई किसिमले परिभाषित गर्न सकिन्छ । पहिलो सडकका बालबालिका, जुन सडकमा काम गर्ने, सडकमै बस्ने र सडकमै रात बिताउने अर्थात चौबिसै घण्टा जो बालबालिकाहरु सडकलाई नै आफ्नो बाँच्ने आधारको रुपमा स्वीकार्दै आएका छन्, तिनिहरु सडकको बालबालिका हुन् । दोश्रो हुन सडकमा बालबालिका । यसमा जो बालबालिकाहरु परिवारसँगको सम्पर्क र सम्बन्धलाई कायमै राखी आफ्नो र परिवारको समेत जिविकोपार्जनको निम्ति सडकमा रहेर विभिन्न काम गर्ने तर परिवारसँगै बस्ने बालबालिकाहरु सडकमा बालबालिका हुन् ।

विभिन्न अध्ययनअनुसार नेपालमा पाँचहजारको संख्यामा सडक बालबालिकाहरु रहेको अनुमान गरिन्छ । सडक बालबालिकाहरु रहने प्रमुख स्थानहरुमा काठमाण्डौं, पोखरा, धरान, नारायणघाट, बुटवल, विराटनगर इत्यादि शहरहरु पर्दछन् । बढ्दो शहरीकरण, परिवारको आर्थिक विपन्नता, माया ममताको अभाव, पारिवारिक हिंसा र विखण्डन, वेरोजगारी लगायतका अन्य कारणवश बालबालिकाहरु परिवारबाट विस्थापित भइ देशका विभिन्न शहरहरुमा भित्रिने गरेको पाइएको छ । यसरी शहर भित्रिने बालबालिकाहरु बाँच्नको निम्ति विभिन्न श्रमको क्षेत्रमा काम गर्न बाध्य हुन पुग्दछन् । उनीहरु अधिकांशतः आफूले काम गरेको ठाउँहरु जस्तै : होटल, रेष्टुरेन्ट, कलकारखाना इत्यादी ठाउँहरुमा हुने गरेको हेलाँ, शोषण र दुर्यवहारको कारण उनीहरु बाँच्ने विकल्पको रुपमा अन्तिम अवस्थामा मात्र सडकलाई अँगाल्ने गरेको पाइएको छ ।

सिविनले विगत लामो समय देखि स्थलगत भ्रमण मार्फत तिनै सडक बालबालिकाहरुसँग प्रत्यक्ष रुपमा सम्बन्ध र सम्पर्क विस्तार गरी ती बालबालिकाहरुको निम्ति राहत,सामाजिकीकरण र पुनर्स्थापनाका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्दै आइरहेको छ । सिविनको अध्ययनअनुसार पनि हाल काठमाण्डौं उपत्यकामा करिब ५ सय देखि ६ सयको संख्यामा सडक बालबालिका रहेको अनुमान गरिएको छ

जब बालबालिकाहरु सडकमा विस्थापित हुन पुग्दछन् त्यसपछि उनीहरुले चाहेर होस् या नचाहेर बाँच्नको निम्ति राम्रो र नराम्रो दुवैखाले काम गर्न बाध्य हुन्छन् । साथै विभिन्न समस्या र चुनौतीहरुको सामना गर्न विवश हुन्छन् । जो बालबालिकाहरु धेरै लामो समयसम्म सडकमा रहेका छन् त्यतिनै मात्रामा उनीहरु असामाजिक बन्दै गएका छन् र विभिन्न क्रियाकलापमा संलग्न हुने गरेका छन् । सडकमा हुर्कदै आएका अधिकांश बालबालिकाहरु सामाजिक मूल्य र मान्यता, अनुशासन र मर्यादा भन्दा वेग्लै संस्कृति र वातावरणमा जीवन गुजार्दै आइरहेका छन् ।

१३ वर्षीय सडक बालक प्रदिप भन्छन्–" राम्रो काम गरेर सडकमा बस्दा हामीहरुलाई सबैले चोर फटाहा र बदमास भनेर गाली गर्दछन् र नराम्रो दृष्टिले हेर्ने गर्छन् आखिर हामीहरुले राम्रो काम गरेर पनि चोरै भएर बाँच्नु पर्दछ भने जे गरे पनि त भइगयो नी ।" अन्य सडक बालबालिकाको बिचार पनि प्रदिपको जस्तै रहेको पाइएको छ । ती बालकहरुले व्यक्त गरेको विचारले के स्पस्ट गर्दछ भने सबै सडक बालबालिकाहरु आफैं चाहेर अपराधिक गतिविधिमा संलग्न भएका होइनन्, उनीहरुमाथि हाम्रो समाजले हेर्ने दृष्टिकोण र व्यवहारका कारण उनीहरुमा नकारात्मक धारणको विकास भएको हो । उनीहरु पनि हाम्रै समाजका अङ्ग हुन भनेर सबैले सोच्नु पर्ने होइन र ?

*प्रस्तुती : सानु गिरी*

# विद्यालयमा शारीरिक यातना किन ?

कास्की, लाहानचोकस्थित महेन्द्र माविमा अध्ययनरत कक्षा ६ का १४ वर्षीय सूर्य परियारले शिक्षकको पिटाइका कारण देब्रे कानको जाली गुमाएका छन् ।

त्यसो त कापी हराएको र पढ्न नमानेको निहुँमा भक्तपुर कटुञ्जे सल्लाघारीस्थित सिद्धार्थ एकेडेमी बोर्डिङमा अध्ययनरत चारवर्षे अनिराज लामालाई शिक्षिकाले चेतनावनीस्वरुप शौचालयमा थुनेका कारण तर्सिएर बिरामी परेका छन् ।

यी माथिका घटनाहरु बालबालिकालाई पढाइ र अनुशासनको नाममा दिइने शारीरिक दण्डका केही उदाहरणहरु मात्र हुन् । बालबालिकालाई दिइने शारीरिक दण्ड हाम्रो समाजका लागि नौलो कुरा होइन् । अनुशासन पालना नगरेको,गृहकार्य नगरेको वा पढाइ राम्रो नभएका कारण शारीरिक दण्ड दिएका घटनाहरु सञ्चार माध्यमामा दिनहुँ जसो आइरहेका छन् । यस वर्ष सिविन सूचना तथा स्रोत केन्द्रले विद्यालयमा यातना पाएका १ सय ८ वटा घटना रेकर्ड गरेको छ । । जसमध्ये ३७ जना गृहकार्य नगरेको, २२ जना हल्ला गरेको, २ जना शुल्क नतिरेको, १ जना ड्रेस राम्रोसँग नलगाएको, ३ जना अरुको कक्षामा हेरेको, १७ जना जाँचमा अरुलाई सिकाएको र ३६ जना अन्य कारणबाट शारीरिक दण्ड दिएको थियो ।

विद्यालय जस्तो पवित्र ठाउँमा बालबालिकालाई शारीरिक दण्डको नाममा कान समातेर उठबस गराउने, घाँस खुवाउने, नाङ्गै बनाउने, लठ्ठीले पिट्ने, डस्टरले हिर्काउने, चिमोट्ने, कुखुरा बनाएर राख्ने, औंलाको कापमा कलम घुसाएर थिच्ने, कपाल तान्ने, बेञ्चमा उभ्याउने, रौं उखेल्ने जस्ता सजायहरु दिने गरेको पाइएको छ । यतिमात्र नभई शौचालयमा थुन्ने, खीस्सी उडाउने, एक्लै राख्ने, अपहेलना गर्ने जस्ता मानसिक यातनापनि दिने गरिन्छ ।

यसरी दिएको शारीरिक र मानसिक दण्डका कारण बालबालिकामा गम्भीर समस्या आउने गरेका छन् । जस्तैः–साथीको अगाडि लाज हुने, बोल्न मन नलाग्ने, रिस उठ्ने, पढाइप्रति रुचि घट्ने, मित्रता राख्न नचाहने, प्रश्न सोध्न डर लाग्ने, निन्द्रामा चिच्याउने, प्रतिशोधको भावना बढ्ने, पढ्न मन नलाग्ने, खराब आचरणमा लाग्ने बढी सम्भा हुने बालमनोविज्ञहरु बताउँछन् । कुनै पनि विद्यार्थीको आचरण र पढाइमा सुधार ल्याउन पिट्नै पर्दछ भन्ने शिक्षकको सोचाइ अत्यन्तै अवैज्ञानिक र परम्परागत रहेको मनोविज्ञहरु बताउछन् । विद्यार्थीलाई असल र मित्रवत् व्यवहारबाट नै अनुशासीत र असल बाटोमा ल्याउन सकिन्छ । सजायबाट बालबालिकामा प्रतिकूल असर पार्दछ । यस्ता व्यवहारले बालबालिकाको अधिकार हन्न र उपेक्षा हुने गर्दछ । शारीरिक सजायको सट्टा अरु वैकल्पिक शिक्षण विधि अपनाएर पढाइमा उत्प्रेरित गर्न सकिने कुरा अध्ययनहरुले देखाइसकेका छन् ।

संयुक्त राष्ट्रसंघको महासभाबाट पारित बालअधिकार महासन्धी १९८९ को धारा १९ मा बालबालिकालाई शारीरिक र मानसिक असर पुऱ्याउने खालका दुर्व्यवहार आदिबाट संरक्षण गर्नुपर्ने प्रावधान राखिएको छ । त्यसैले आजैदेखि विद्यालयमा विद्यार्थीमाथि हुने दण्ड सजायलाई रोकी, शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज, सरकारी, गैरसरकारी संस्था आदि सबै मिलेर यसलाई रोकथाम गर्न लाग्नु पर्ने होइन र ?

प्रस्तुती :अञ्जना प्रधान

राष्ट्रिय सूचना तथा श्रोत केन्द, सिविन

# पुनर्स्थापित प्रतिनिधि सभाद्वारा अनुमोदित अन्तर्राष्ट्रिय सन्धी महासन्धि

नेपाल सरकार समेत पक्ष भएर गरिएको कयौं अन्तर्राष्ट्रिय सन्धि महासन्धि प्रतिनिधिसभाको अभावमा संविधानमा व्यवस्था भए अनुसार प्रतिनिधिसभाबाट अनुमोदन भएका थिएनन् । त्यसैले प्रतिनिधि सभाको आफ्नो कार्यकालमा निम्न अन्तर्राष्ट्रिय सन्धि र महासन्धिमा छलफल पछि बैठकले सर्वसम्वतले अनुमोदन गरेको थियो ।

१. सूर्तीजन्य बस्तुको नियन्त्रणको लागि महासन्धि -FCTC– Framework Convention on Tobaco Control) २०६३ साउन २३ मा अनुमोदन

२. वेश्यावृत्तिको लागि हुने महिला तथा बालबालिकाहरुको बेचबिखन नियन्त्रण सम्बन्धी क्षेत्रीय सार्क महासन्धि २००२ अनुमोदन गरियो-(२०६३ भाद्र २० मा अनुमोदन)

३. दक्षिण एसियामा बालकल्याण अभिबृद्धिको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महसन्धि २००२ (२०६३ भाद्र २० मा अनुमोदन)

४. सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बालअधिकार महासन्धिको इच्छाधिन आलेख २००२ र बालबालिका बेचबिखन र अश्लील चित्रण बिरुद्ध बालअधिकार महासन्धि २००२ (२०६३ असोज ३ मा अनुमोदन

५. संयुक्त राष्ट्रसंघिय मनोद्विपक औषधी सम्बन्धी महासन्धि १९७१ (२०६३ कार्तिक १६ मा अनुमोदन)

६ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महसन्धिको इच्छाधिन आलेख १९९९ (२०६३ कार्तिक १६ अनुमोदन)

७. नेपालको अन्तरिम व्यवस्थापिकाद्वारा नेपालको अन्तरिम संविधान २०६३ *(२०६३ माघ १ गते पारित)*



हुन लाग्यो बेला अब डाँडामाथि घाम, नानी अझै सुतिराछिन् अब घर जाम ।

## प्रश्नोतर :

### प्रश्नः बालगृह भनेको के हो ? र यसको किन स्थापना गरिन्छ ?

**– घनश्याम खड्का**
**तनहुँ, हाल काठमाण्डौ ।**

सामान्यतया कुनै पनि बालबालिकाहरु आफ्ना आमाबाबु र परिवारको माया–ममता र स्याहार पाएर हुर्किएका हुन्छन् । यो उनीहरुको नैसर्गिक अधिकार पनि हो । तर यो अधिकारलाई सबै बालबालिकाहरुले सहजै प्राप्त गर्न सकिरहेका हुँदैनन् । जब कुनै बालबालिकाहरु आमाबाबुको स्नेह र छहारी प्राप्त गर्नबाट वञ्चित हुन्छन्, त्यस्ता बालबालिकाहरुलाई राज्यले वा समाज आफैले स्याहार गर्न सघाउँछन् । बालबालिकहरु विभिन्न कारणले घरवारविहीन, टुहुरा वा परित्यक्त हुन सक्छन् । खासगरी युद्ध, हिंसा वा प्राकृतिक प्रकोपबाट बालबालिकाहरु प्रत्यक्षः घरवारविहीन हुन पुगेका हुन्छन् । त्यस बाहेक पनि गरिबी, शोषण, अशिक्षा, अज्ञानता तथा घरेलु हिंसाका कारण पनि कतिपय बालबालिकाहरु आफ्नो घरपरिवार वा समाजबाट समेत विस्थापित हुन पुग्दछन् । यिनै अवस्थाका बालबालिकाहरुको संरक्षण, सामाजिकीकरण, शिक्षा तथा मनोरञ्जनका लागि संसारमा विभिन्न उपयाहरु अपनाइँदै आएको छ । यसमध्ये एउटा प्रभावशाली उपाय भनेको “बालगृह पनि हो ।

नेपालमा पनि २००९ सालमा परोपकार अनाथालयको स्थापनापश्चात् बालगृह स्थापनाका लागि परिकल्पनाको सुरुवात भएको देखिन्छ । तर त्यसभन्दा अघिदेखि नै काठमाण्डौको सिफल “दूध खाने बच्चा पाल्ने अड्डा” र त्रिपुरेश्वरमा “च्यारिटेवल सोसाइटी” नामक संस्था खोलिएको पनि जानकारीमा आएको र सोही अनुसार हाल नेपाल अधिराज्यका विभिन्न स्थानहरुमा १ वटा भन्दा पनि बढी बालगृहहरु सञ्चालनमा रहेका छन् । यसरी सञ्चालनमा रहेका यस्ता बालगृहहरुले निश्चय पनि बालबालिकाहरुका लागि प्रत्यक्ष रुपमा विभिन्न खालका सेवा उपलब्ध गराइरहेका छन् । यसलाई सकारात्मक पाटोको रुपमा लिनु पर्दछ । तर देशका विभिन्न भागहरुमा १ सय भन्दा पनि बेसीको संख्यामा यस्ता बालगृहहरु सञ्चालनमा रहेका छन् ।

कानुनी रुपमा बालबालिका सम्बन्धी ऐन, २०४८ का दफा ३४ मा “बालकल्याण गृहको स्थापना र संचालन” व्यवस्थाहरू अन्तर्गत नेपाल सरकारले आवश्यकता अनुसार नेपालका विभिन्न क्षेत्रमा बालकल्याण गृहको स्थापना गर्नेछ भनी उल्लेख गरिएको छ । त्यसैगरी सोही ऐनको उपदफा १ बमोजिम बालकल्याण गृहको स्थापना नभएसम्म अरु कुनै व्यक्ति वा संस्थाद्वारा सञ्चालित बालकल्याणगृह, अनाथालय वा सुस्तःमनस्थिति केन्द्रलाई बालक राख्ने प्रयोजनको निम्ति नेपाल सरकारले उपयोग गर्न सक्नेछ भनी उल्लेख गरिएको छ । यसैगरी सोही ऐनको सोही दफामा लेखिएको कुनै कुराले पनि त्यस्तो बालकल्याण गृह, अनाथालय, वा केन्द्रको संचालनमा हस्तक्षेप गर्ने अधिकार नेपाल सरकारलाई दिएको मानिने छैन भनी उल्लेखित गरिएको छ ।

मूलभुत रुपमा बालगृह सञ्चालनको प्रक्रियाका बारेमा बालगृह सञ्चालन गर्ने संस्था वा व्यक्तिहरुमा अस्पष्टता देखिएको कारण समस्या झनै जटिल रुपमा देखिएको छ । खासगरी बालगृह सञ्चालन गर्नु भनेको कुनै एउटा घरमा केही बालबालिकाहरुलाई जम्मा गरेर उनीहरुलाई दुई छाक खुवाउनु र आवासको सेवा पुऱ्याउनु मात्रै पक्कै पनि होइन । बालगृह प्रतिको हाम्रो सामाजिक मान्यता बालबालिकाहरुलाई उनीहरुको हक,अधिकार र सुरक्षाको प्रत्याभूति दिलाउने एउटा सशक्त माध्यम भन्दा पनि उनीहरुको लागि गरिने कल्याणकारी कार्यको रुपमा लिने प्रचलन यद्यपि कायमै रहेको छ । जसले गर्दा निश्चित रुपमा बालबालिकाहरु यसबाट लाभान्वित हुन सकिरहेका छैनन् । तर पनि कतिपय बालगृह सञ्चालक तथा सो गृहले बालबालिकाहरुको लागि गरेका कार्यहरुलाई कम आँक्न भने मिल्दैन अहिलेको सन्दर्भमा । खासगरी उनीहरुले अझैसम्म पनि बालबालिकाहरुलाई बुझेर होस् वा नबुझेर, उनीहरुको संरक्षण गर्ने कार्य भने गरेको देखिन्छ ।

प्रश्नको लागि हाम्रो ठेगाना :
**बाल सरोकार**, सिविन नेपाल
इमेलःcwinpublication@gmail.com

**सफलताको कथा**

# "मिहिनेत गरे अवश्य सफल भइन्छ ।"

– विष्णुप्रसाद पौडेल

कुनै पनि मानिस एकैपटक सफल हुने होइन । बरु उभित्र प्रसस्त सम्भावनाहरु हुन सक्दछन् । हामीले सुन्ने गरेका छौ कि, कुनै पनि मानिसहरुमा केही न केही प्रतिभा अवश्य हुने गर्दछ ।

यस्तै समाजमा पिछडिएर विभिन्न ठाउँहरुमा भौतारिने असंख्य बालबालिकाहरु रहेका छन् हाम्रो देशमा । यसरी विभिन्न ठाउँहरु भौतारिँदै डुल्ने ती असंख्य बालबालिकाहरु मध्ये पनि एक थिएँ । कहिले टेम्पो र बसको ढोक ढकढक्याउँदै, तर कहिले होटलमा कान्छाको रुपमा । सायद, सानैमा मैले मेरी आमा र बाबाको न्यानो काख पाएको भए मैले त्यो अवस्थालाई सामना गर्नुपर्दैनथियो होला । तर बिडम्बना मैले त्यो नियतिलाई भोग्न बाध्य हुनुपऱ्यो र त्यसलाई मैले स्वीकार्नु सिवाय अर्को विकल्प थिएन मेरा लागि ।

यसरी आफ्ना तीता अनुभवहरुलाई सँगाल्दै मैले मेरो जीवनको लक्ष्यलाई खोजिरहेको थिए । त्यसबेला मेरो सहयोगी बन्यो बालअधिकारवादी संस्था सिविन ।

जब म त्यस संस्थाको सम्पर्कमा आएँ । त्यसबेला देखि अचानक मेरो जीवनमा अत्यन्त सकारात्मक परिवर्तन हुन थाल्यो । खासगरी बालबालिकाहरुले पाउनुपर्ने आधारभूत अधिकारलाई मैले त्यसबेलादेखि महसुस गर्न थालें । विशेषतः बालअधिकार सम्बन्धी विभिन्न गतिविधिहरु लगायत



कार्यक्रमहरुमा मेरो संलग्नता बढ्न थाल्यो । जसले गर्दा म स्वयं पनि बालअधिकारप्रति सचेत हुन थालेँ र बालअधिकारको प्रबर्द्धन गर्ने सन्दर्भमा मैले सकेजति लाग्ने प्रेरणा पनि पाएँ ।

त्यसो त मैले सिविनमा आएपछि नै औपचारिक रुपमा शिक्षा पाउन थालेको हुँ । पढ्ने इच्छा त थियो तर मैले त्यो अवसरलाई यसअघि कहिल्यै पनि अनुभूत गर्न पाइन । जब सिविनको सम्पर्कमा आएँ । त्यसपछाडि भने मैले औपचारिक रुपमै विद्यालयमा भर्ना भएर पढ्ने अवसर पाएँ । आफ्नो पढाइलाई निरन्तरता दिँदै मैले एस.एल.सी. परीक्षा राम्ररी उत्तिर्ण गरेँ । हाल म कम्प्युटर इन्जिनियरिङ् दोश्रो वर्षमा अध्ययनरत रहेको छु । त्यसबखत म अत्यन्त खुशी भएको थिएँ । जब मैले जीवनमा एस.एल.सी. परीक्षा पास गरेँ । मेरो यो सफलतामा म लगायत सिविनका मेरा अग्रज सरमिसहरुको अत्यन्त ठूलो योगदान रहेको छ भने मेरा सहपाठीहरुको अत्यन्त ठूलो हौसला र प्रेरणा रहेको छ । यस अवसरमा अझ मलाई पढने वातावरण बनाइदिने सिविनलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौ ।



साथीहरु सबैको कापी कलम हातमा,
भारी बोकी हिड्नुछ,
भेँडाबाख्रा साथमा !

*तस्वीर: माधव लोहनी, दैलेख*

# बालिकाहरूको छलफल कार्यक्रम

काठमाण्डौ बास/सिविन बालिकाद्वारा विभिन्न क्षेत्रका बालिकाहरुका लागि बालसहभागिता सम्बन्धी छलफल कार्यक्रम हालै सम्पन्न गरेको छ। विभिन्न क्षेत्रका सुकुम्बासी बस्तीका तथा सिविन बालिकामा रहेका ८१ जना बालिकाहरुको उक्त छलफल कार्यक्रममा सहभागिता रहेको थियो।

# बालगृह सञ्जालको रणनीतिक बैठक सम्पन्न



तस्वीर माधव प्रधान

काठमाण्डौ बास/बदलिँदो परिस्थितिमा बालगृहहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि रणनीतिक कार्ययोजना तयार गर्ने उद्देश्यले बालगृह सञ्जाल नेपालको बैठक सम्पन्न भयो। बैठकमा र आगामी संविधान सभा मार्फत बन्ने संविधानमा बाल सरोकारका बिषयलाई सुनिश्चित गर्न राज्यलाई दबाब दिने र सञ्जालका सदस्य संस्थाहरुको भूमिकालाई निर्धारण गर्ने सन्दर्भमा सहभागीहरुबीच छलफल भएको थियो। सञ्जालका अध्यक्ष माधव प्रधानको अध्यक्षता सम्पन्न भएको थियो भने बैठकमा सञ्जालका ८ वटा सदस्य संस्थाहरुको सहभागिता रहेको थियो। सो बैठकले आगामी सन् २००७ को लागि सञ्जालको कार्ययोजना पनि तय गरेको छ।

# सडक बालबालिकाको लागि तालिम सम्पन्न

काठमाण्डौ बास/ सडक बालबालिकाका लागि एक महिने जीवनउपयोगी सीप तथा सशक्तिकरण तालिम सम्पन्न भयो। सिविन साझा थलोद्वारा आयोजना गरिएको उक्त तालिम कार्यक्रममा २७ जना सडक बालबालिकाको सहभागिता रहेको थियो। १४ देखि १८ वर्ष उमेर समूहका सडक बालबालिकालाई जीवनउपयोगी सीप, लागूपदार्थ, एच.आइ.भि.एड्स, स्वास्थ्य, किशोर अवस्था, अस्पतालको भ्रमण तथा बालअधिकार र आत्मजिम्मेवारिता, व्यक्तिगत लक्ष्य निर्धारण, सामाजिक जीवन लगायतका बिषयमा उक्त तालिम कार्यक्रममा प्रशिक्षण प्रदान गरिएको थियो। तालिम पश्चात उनीहरुलाई सामाजिकीकरणलागि विभिन्न गृहमा स्थानान्तरण गरिएको छ। कार्यक्रमको समापनमा सिविनका महासचिव माधव प्रधानले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो।



तस्वीर : कृष्ण श्रेष्ठ

# सीप शिक्षा तालिम सम्पन्न

काठमाण्डौ बास/किशोरीहरुका लागि ६ महिने सिलाइ कटाइ तालिम सम्पन्न भयो। सिविन आत्मनिर्भर केन्द्रद्वारा आयोजना गरिएको उक्त तालिम कार्यक्रममा सुविधाविहीन विभिन्न क्षेत्रका २६ जना किशोरीहरुको सहभागिता रहेको थियो। उक्त तालिम कार्यक्रमका सहभागीहरुलाई सिविनकी कार्यक्रम संयोजक रश्मिला शाक्यले प्रमणपत्र वितरण गर्नुभयो।


# नेपालमा सडक बालबालिका

- करीब ५००० बालबालिकाहरु नेपालको विभिन्न शहरी क्षेत्रमा सडक जीवन व्यतित गरिरहेका छन् ।
- प्राय जसो सडक बालबालिका काठमाडौं, पोखरा, धरान, नारायणघाट, बुटवल र बिराटनगर जस्ता मुख्य शहरहरुमा केन्द्रित रहेको पाइन्छ ।
- पारिवारको आर्थिक विपन्नता, विखण्डन, घरेलु हिंसा, शिक्षा लगायत अन्य अवसरहरुको अभाव, श्रम शोषण, बढ्दो शहरीकरण तथा नेपालमा केही यतादेखि चलिरहेको सशस्त्र द्वन्द्व जस्ता कारणहरुले बालबालिका सडकमा विस्थापित हुन पुगेका छन् ।
- हरेक वर्ष करीव ५०० बालबालिकाहरु नेपालको विभिन्न जिल्लाहरुबाट काठमाण्डौं उपत्यकाको सडकमा आइपुग्छन् । यी बालबालिका मुख्यतया काठमाडौंबाट नजिकका जिल्लाहरु नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, धादिङ, मकवानपुर आदिबाट आएको पाइन्छ ।
- स्ट्रिट नेट (सडक बालबालिकासँग प्रत्यक्ष रुपमा काम गर्ने संस्थाहरुको सञ्जाल) सँग सम्बद्ध संस्थाहरुले गरेको स्थलगत अध्ययनअनुसार हाल काठमाडौं उपत्यकाभित्र ८००- ९०० जना सडक बालबालिका छन् । देशमा चलिरहेको सशस्त्र द्वन्द्वको कारणले पनि सडक बालबालिकाको संख्यामा बृद्धि भएको पाइन्छ ।
- सडकमा बालबालिका सबैखालका कामहरु गर्नेगरेको पाइन्छ जस्तै माग्ने, प्लाष्टिक टिप्ने, टेम्पो खलासी, भारी बोक्ने, चोर्ने, सडकमा मालसामान बेच्ने, आदि ।
- सडक बालबालिका प्राय गरेर कन्टेनर, कबाड, मन्दिर, बजार, सिनेमा हल, विमानस्थल, बसपार्क, पर्यटकीय क्षेत्र आदि जस्ता ठाउँहरुमा काम गर्छन् ।
- आइ.एल.ओ ले सन् १९९९ मा प्रकाशित गरेको प्रतिवेदनअनुसार करीव ४००० बालबालिका प्लाष्टिक टिप्ने क्षेत्रमा कार्यरत रहेका छन् । प्लाष्टिक टिप्ने कामलाई निकृष्ट प्रकारको बालश्रम शोषण मध्ये एकको रुपमा परिभाषित गरिएको छ । यसरी प्लाष्टिक टिप्ने बालबालिकामा ८८ प्रतिशत बालक र १२ प्रतिशत बालिकाहरु छन् । औसतमा उनीहरु हरेक दिन ६ घण्टा काम गरे बापत एक दिनको रु.८७ कमाउँछन् ।
- सडकमा रहादा सडक बालबालिकाले भोक, आसरा, कपडा आदि समस्याहरुको सामना गर्नुपर्दछ भने त्यस्तै गरेर प्रहरी, दादा, ग्याङ्ग आदिबाट धेरै समस्याहरु भोल्नु पर्दछ ।
- सडक बालबालिका असुरक्षित र कठिन परिस्थितिमा परेका समूहमध्ये पर्छन् भने उनीहरु विभिन्न किसिमको शोषण र दुर्व्यवहारमा परिरहेका छन् ।
- सडक बालबालिका मादक पदार्थ, लागूपदार्थ तथा सूर्ती सेवन लगायतका दुर्व्यसनमा परेको पाइन्छन् । सडक बालबालिकाको भनाइअनुसार डर, तनाव र समस्याबाट मुक्त हुनको निम्ति यस्ता पदार्थको प्रयोग गर्ने गर्छन् ।
- सडक बालबालिकामा दुर्व्यसनको बढ्दो प्रवृत्तिका साथसाथै सुइबाट लिइने लागूपदार्थका प्रयोग अहिलेको ठूलो समस्या मध्ये एक हो । उनीहरु माझ हुने गरेको सुइको साटासाट र असुरक्षित यौनव्यवहारले गर्दा एड्स जस्तो घातक रोगको संक्रमण हुने खतरा पनि छ । साथै उनीहरु आपराधिक क्रियाकलापमा पनि संलग्न हुने सम्भावनाहरुलाई पनि नकार्न सकिन्न ।
- सडक बालबालिकाको ज्वलन्त समस्याहरुलाई ध्यानमा राखी सन् २००२ मा "स्ट्रिट नेट" नामक सडक बालबालिकासँग सम्बन्धित संघसंस्थाहरुको सञ्जालको स्थापना गरेर संयुक्त रुपमा गतिविधिहरु संचालन भइरहेका छन् ।

*श्रोत : सिविन-नेपाल*

पुस्तक चर्चा :

# शान्ति हाम्रो चाहना




१२ वर्ष सशस्त्र द्वन्द्वमा प्रत्यक्ष तथा परोक्ष रुपमा असर परेका तथा संलग्न बालबालिकाको आफ्नो जीवनका भोगाइका मार्मिक अभिव्यक्ति नै यस पुस्तकको मर्म हो । बालबालिकाहरु स्वयंले आफ्ना भोगाइ एवं भावनाहरुलाई कथा, कविता, चित्रद्वारा प्रस्तुत गरेका छन् । “मेरो शान्तिको संसारमा हामीलाई माया गर्ने मानिसहरु हुनेछन् । त्यहाँ एक अर्कालाई सहयोग गर्ने बानी हुनेछ ।” १५ वर्षे बालक पुस्तकमा लेख्छन् ।

पुस्तक सचित्र मात्र नभएर बालबलिकाको आफ्नो भावना हो, पीडा हो र आफ्नो भविष्य र देश प्रतिको अगाध माया र स्नेह पनि हो । यसमा उनीहरुले भविष्यको आशा र परिकल्पना प्रस्तुत गरेका छन् । पुस्तकले बालबालिकाको भावना जस्ताको तस्तै पस्कन सफल भएको छ । नेपाली तथा अंग्रेजी दुवै भाषामा प्रकाशित उक्त पुस्तक शान्तिका लागि काम गर्नेहरुका लागि एक मार्गदर्शन र सशस्त्र द्वन्द्वमा संलग्नहरुका लागि बालबालिकाको आव्हान नै यसको मूल मर्म हो । यसमा बालबालिका स्वयंले बनाएका चित्र र आकर्षण सजावटले १ सय १० पाना पल्टाउँदा पनि समय गएको पत्तै पाइन्न । यस भित्र छिर्दा जो कोही पनि बालमनोविज्ञान र बालसुलभतामा हराउँछ ।

प्रस्तुती : शुभराज आत्रेय

प्रकाशक : CWIN सिविन–नेपाल प्रकाशन सहयोग : Plan Be a part of it. प्लान–नेपाल

सम्पर्क ठेगाना: पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेल:cwinpublication@gmail.com

प्रमुख सल्लाहकार : गौरी प्रधान

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल, सुम्निमा तुलाधर, सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, भुमराज तिवारी, दीपेन्द्र पण्डित

सम्पादक : विमलकुमार थापा